# राष्ट्रिय महिला आयोगको २० औं स्थापना दिवसको अवसरमा आयोजित समारोहमा

# अध्यक्ष कमलाकुमारी पराजुलीको मन्तव्य

कार्यक्रमका प्रमूख अतिथि महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय उमा रेग्मीज्यू,

विशिष्ट अतिथिज्यूहरु,

संवैधानिक आयोगहरु लगायत महिला आयोगका पदाधिकारीज्यूहरु,

राष्ट्रिय महिला आयोगका पूर्व पदाधिकारीज्यूहरु,

विभिन्न सरोकारवाला क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गरिरहनु भएका विज्ञ-विशिष्ठ व्यक्तित्वहरु,

विकास साँझेदार तथा सामाजिक संघ-संस्थाहरुको नेतृत्व तथा प्रतिनिधित्व गरेर उपस्थित हुनुभएको विशिष्ठ व्यक्तित्वहरु,

मन्त्रालय, विभाग तथा आयोग र निकायहरुबाट उपस्थित हुनु भएका सचिव सहसचिव तथा राष्ट्रसेवक कर्मचारीहरु ,

सञ्चारकर्मी साथीहरु र सम्पूर्ण आमन्त्रित व्यक्तित्वहरुमा  आज राष्ट्रिय महिला आयोग स्थापनाको २०औं वार्षिकोत्सव तथा ११२ औं अन्तर्राष्ट्रिय महिला दिवशको अवसरमा हार्दिक अभिवादन व्यक्त गर्दछु !

आज आयोगको २० औं वार्षिकोत्सवको अवसरमा सम्मानित तथा पुरस्कृत हुनुहने प्रेरणदायी व्यक्तित्व, अधिकारकर्मी, सामाजिक अभियन्ता तथा सञ्चारकर्मी, आयोग स्थापनाकाल देखि कार्यरत कर्मचारी सबैमा आयोगको तर्फबाट सम्मान र पुरस्कृत गर्न पाएकोमा गर्व महशुस गर्दै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

नेपालमा लामो महिला अधिकार आन्दोलनको अथक प्रयत्नको उपलब्धिका रूपमा महिला मानव अधिकार सुनिश्चितताका लागि तत्कालिन सरकारको निर्णयअनुसार गठन आदेशबाट २०५८ फागुन २३ गते राष्ट्रिय महिला आयोग स्थापना भएको हो। जसको मूल उद्देश्य महिलाको हक/हित, अधिकारको संरक्षण र सम्बर्द्धन गरी विकासको मूल प्रवाहमा समाहित गर्दै समानता र सशक्तीकरणकालागि योगदान पुऱ्याउने तथा लैङ्गिक न्याय सुनिश्चित गर्नेरहेको छ । यो आयोगलाई २०७२ असोजमा जारी नेपालको संविधानले संवैधानिक हैसियत प्रदान गरेको छ ।

आजको यो दिनलाई म नेपाली महिला अधिकार आन्दोलनको एउटा सुखद र उपलब्धिपूर्ण दिनको रुपमा स्मःरण गर्दै अग्रज महिला अधिकारकर्मीहरुमा  हार्दिक नमन सहित सबैमा शुभकामना व्यक्त गर्न चाहन्छु ।

देशको जनसङ्ख्याको आधा भन्दा बढी हिस्सा ओगटेका महिलाको हक-हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष पेस गर्ने आयोगको दायित्व रहेको छ । साथै महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित वा महिला अधिकार उपयोग गर्न नदिएको विषयमा छानविन तथा अनुगमन गरी पीडितलाई न्याय दिलाउन र दोषीउपर कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने समेत अधिकार आयोगलाई प्राप्त छ । सोहीअनुसार आयोगबाट महिलालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनले प्रत्याभूत गरेका हक-अधिकारबारे सुसूचित गराउदै ती अधिकार उपभोग र प्रचलन गराउनका लागि अनुगमन र सिफारिस गर्ने दायित्व वहन भईरहेको छ ।

आयोगले संवैधानिक मान्यता पाएपश्चात लामो समयसम्म आयोग पदाधिकारी विहिन अवस्था रहेर २०७७ मा २१ गते आयोगमा अध्यक्ष सहित दुईजना सदस्यको नियुक्ति भयो । पदाधिकारीको नियुक्ति पश्चात स्वदेशमा मात्र नभएर विदेशमा समेत रहेका नेपाली महिलाले आफु आपत-विपत र हिंसामा परेको र त्यसबाट उद्दार गरिमाग्न र न्याँय पाँउनका लागि  राष्ट्रिय महिला आयोगमा उजुरी आउनुले महिला हिंसा नियन्त्रण र महिला अधिकार संरक्षणको लागि देशमा राष्ट्रिय महिला आयोग छ भन्ने अनुभूति हुनु हो आयोगप्रतिको आशा, विश्वास र भरोसा बढेको हो भन्ने हामीलाई लागेको छ ।

आम नेपाली महिलाको यो अपेक्षा र भरोसालाई जिवन्त राख्न सक्नुनै आज राष्ट्रिय महिला आयोगको दायित्व र चुनौति भएको छ । आयोगले १३ महिनाको अवधिमा देशका ५० वटा जिल्लामा आयोगका अध्यक्ष, सदस्य र कर्मचारीहरुको भौतिक उपस्थितिमै ७० वटा भन्दा बढी महिला हिंसा विरुद्ध जागरण, सचेतना, पैरवी र अनुगमनका कार्यहरु गरिसकेको छ । विभिन्न समयमा महिला उपर भएका जघण्य हिंसाका घटनाहरुको स्थलगत अनुगमन गरेर दोषीलाई कारवाही र पिडितलाई न्याय दिलाउने कार्यमा पहल र उपलव्धी समेत भईरहेको छ । राज्यबाट महिलाकालागि बनेका ऐन-कानून, नीति-व्यस्था र सेवा-सुविधा वारेमा कार्यान्वयन भए नभएको, सेवाग्राहीको पहुँच भए नभएको समेत समय समयमा आयोगबाट अनुगमन भएर प्रभावकारी कार्यान्वयनकालागि सम्बन्धित् पक्षलाई झक्झक्याउने र सुझाव तथा सिफारिस गर्ने कार्य समेत भईरहेको छ ।

यसै विचमा आयोगबाट विभिन्न अध्ययन-अनुसन्धान र प्रकाशनका कार्यहरु समेत भएका छन् । आयोगले महिला हिंसाका घटनालाई प्रत्यक्ष सम्बोधन गर्ने उद्देश्यले सञ्चालित खवर गरौं ११४५ टेलिफोन हेल्पलाईन, ईमेल र पिडितको प्रत्यक्ष उपस्थितिमा आएका उजूरीबाट हिंसामा परेका वालिका, किशोरी र महिलालाई उद्दार, सुरक्षित आश्रय, मनोपरामर्श, कानूनी परामर्श र सहयोग लगायतका निशूल्क सेवाहरु समेत प्रवाह गर्दै आईरहेकोछ ।

तर यतिले मात्र सन्तोष मान्ने अवस्था भने छैन । महिलामाथिका विभेद, अन्याय, अत्याचार र अनेकन किसिमका हिंसाका घटनाहरु बढिरहेका छन् । घटनाका प्रकृतिहरु बदलिएका छन् र संख्यात्मक रुपमा समेत घटना बढिरहेका छन् । राज्यका प्रशासनिक संयन्त्र प्रहरी, प्रशासन र न्यायलयबाट समेत महिलाले यथोचित न्याय पाँउन नसकेका गुनासा र यथार्थहरु बाहिर आईरहेका छन् । यस्तो अवस्थामा

महिला आयोगले प्रभावकारी भूमिका निर्वाह गर्न देशका सातै प्रदेशमा आयोगको प्रदेश कार्यालय र आवश्यक दक्ष जनशक्ति समेतको व्यवस्था हुन अपरिहार्य भएको छ । जसकालागि म नेपाल सरकारको ध्यानाकर्षण गराउन चाँहन्छु ।

साथै, राष्ट्रिय महिला आयोगबाट महिलाको अवस्थाबारेमा अध्ययन गर्ने उद्देश्यले वर्तमानमा कुन-कुन क्षेत्रमा महिलाको अवस्था कस्तो छ ? राज्यबाट भएका नीति-कानून, व्यवस्थाहरु, त्यसको कार्यन्वयन, पहुँच, महिलाभित्रको समावेशिता र महिला हिंसाको अवस्था कस्तो छ ? भन्ने थाँहा पाँउन त्यसलाई प्रतिविम्बित गर्नेगरी पहिलो पटक २० औं स्थापना दिवशको अवसरमा “नेपालमा महिलाको अवस्था” विषयक पुस्तक प्रकाशन गरेर सार्वजनिक गर्न पाँउदा खुशी लागेको छ । महिलाको समग्र अवस्थालाई समेट्ने अपेक्षा सहित यो प्रकाशन गरेको यस पूस्तकले महिलाको क्षेत्रमा अध्ययन, अनुसन्धान, नीति, योजना र कार्यक्रम गर्न सहयोग पुर्याउनेछ भन्ने विश्वास छ ।

अन्तमा, आयोग स्थापना दिवशको अवसरमा हाम्रो निमन्त्रणालाई स्विकार गरेर पाल्नुभएको प्रमुख अतिथिज्यू, विशिष्ठ अतिथिज्यूहरु, आयोगका प्रमूख तथा पदाधिकारीज्यूहरु, विभिन्न क्षेत्रको नेतृत्व र प्रतिनिधित्व गरेर उपस्थित भईदिनुहुने गन्यमान्य व्यक्तित्वहरु, सञ्चारकर्मी साथीहरु, हाम्रो अनुरोधलाई स्विकारेर मोफसलदेखि राजधानीसम्म उपस्थित भईदिने सम्मानित तथा पुरस्कृत व्यक्तित्वहरु , यस कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गराउन अत्यन्त मेहनतपूर्वक तयारीमा लाग्ने राष्ट्रिय महिला आयोगको सदस्यहरु तथा कर्मचारीसाथीहरु सवैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।